देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
५ नं. प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं.

मिति: २०७७/०५/२२

## देवदह नगरपालिकाको सुचना ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७७/७८ च.नं. ५५ मिति २०७७/०५/२१ र त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको प.सं. ०७७/७८ च.नं. १९ मिति २०७७/०५/१९ को प्राप्त पत्रको विस्तृत व्यहोरा अनुसार यस देवदह नगरक्षेत्रमा वसोवास गर्ने त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी र निजहरुको अभिभावकहरुलाई अविलम्व आफ्नो स्कुल, क्याम्पस, विभागमा सम्पर्क राखुहुनका लागि यो सुचना जारि गरिएको छ ।

..............................
पिताम्बर पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Web: www.devdahamun.gov.np, Email: devdahamun@gmail.com, ☎०७१-५७७४०३,५७७३०३,५७७२९२

त्रिभुवन विश्वविद्यालय
**रजिष्ट्रारको कार्यालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या : र.का.च.नं. १८ /०७७/०७८

मिति : २०७७/५/१९

श्रीमान् सचिवज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाडौं ।

विषय : **परिपत्र गरि दिनु हुन ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) नेपालमा पनि भित्री सकेको अवस्थामा यसले जनस्वास्थ्यमा पार्ने गम्भीर असरलाई मध्यनजर राखी गत २०७६ चैत्र ६ गते देखि त्रि.वि. मा सञ्चालन भइरहेका सम्पूर्ण पठन-पाठन तथा परीक्षाहरू स्थगन गरिएको थियो । यो महामारीलाई तुरुन्तै नियन्त्रणमा लिने स्थिति नरहेको परिप्रेक्षलाई आकलन गरी विश्वविद्यालयले चैत्रको तेस्रो सातादेखि नै पठन-पाठनको बैकल्पिक विधिबाट कक्षाहरू सञ्चालन गर्न आफ्ना सबै शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूको e-mail ID तयार गर्दै अनलाइन विधिबाट पठन-पाठन सञ्चालन गरी रहेको छ । तर हालसम्म पनि डीन कार्यालय, क्याम्पस, स्कूल र विभागहरु मार्फत् विभिन्न सञ्चार माध्यमबाट सम्बन्धित विद्यार्थी तथा अभिभावकहरुलाई सम्पर्कका लागि प्रयास गर्दा पनि कतिपय विद्यार्थीहरू आफू अध्ययनरत विभाग तथा क्याम्पसहरूको सम्पर्कमा नआएको हुँदा पठन-पाठन तथा स्थगन गरिएको परीक्षा तालिका व्यवस्थापन गर्न समस्या भएको छ । अतः आ-आफ्नो स्थानीय निकायमा बसोबास गर्दै आएका त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरु र निजहरुको अभिभावकहरुलाई अविलम्ब आफ्नो क्याम्पस, स्कूल, विभागमा सम्पर्क राख्नको सम्बन्धमा सूचना प्रवाह गरी दिनका लागि सबै स्थानीय निकायहरुमा परिपत्र गरी दिनु हुन अनुरोध गर्दछु ।

.............................
प्रा.डा.पेशल दाहाल
रजिष्ट्रार

फोन नं.: ४३३०४३६, ४३३०५३३, फ्याक्सः ९७७-१-४३३०३१५, पो.ब.नं.: ८२१२, E-mail: registraroffice@tribhuvan-university.edu.np